सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नं.

**विषय : कृषि विकास कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना ।**

सूचना प्रकाशन मिति : २०८१/०९/२२ गते

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ५०% लागत साझेदारीमा सञ्चालन हुने **बेमौसमी तरकारी खेति प्रवर्द्धनको लागि बाँसको प्लाष्टिक टनेल निर्माण कार्यक्रममा** सहभागी हुन सिद्धलेक गाउँपालिका भित्रका दर्ता भएका ईच्छुक कृषक/कृषि फर्म/कृषक समूहहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मितिः २०८१/१०/०७ गते) भित्र सम्बन्धित वडा कार्यालयमा प्रस्ताव सहितको निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल:**

| सि.नं. | कार्यक्रमको नाम | साझेदार संस्था | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | बेमौसमी तरकारी खेति प्रवर्द्धनको लागि बाँसको प्लाष्टिक टनेल निर्माण कार्यक्रम | कृषक/कृषि फर्म/कृषक समूह | ९,००,०००।- | |

नोटः उक्त कार्यक्रम अन्तर्गत गाँउपालिकाका विभिन्न स्थानमा अनुमानित थोंरमा ४५ वटा बाँसको प्लाष्टिक टनेल घर निर्माण हुनेछ । वडा कार्यालयमा आएका प्रस्तावहरुलाई वडा समितिले मूल्याङ्कन एवम् अनुगमन गरेर कृषक/कृषि फर्म/कृषक समूहहरु छनोट गरी शाखाबाट संचालन हुने प्लास्टिक टनेल निर्माण सम्बन्धी प्राविधिक तालिमका लागि सिफारिस गर्नुपर्नेछ । कार्यक्रममा छनोट भएका कृषक/कृषि फर्म/कृषक समूहहरुले बाँस र कामदार ज्याला अन्तर्गत लागत साझेदारी बराबरको रकम व्यहोर्नु पर्नेछ । तालीम पश्चात बाँसबाट निर्मित संरचनाको फोटो, वडा सिफारिस, वडाले प्रमाणित गरेको डोर हाजिरि, कृषि शाखाको अनुगमन/वडा कृषि प्राविधिकको प्रतिवेदन प्राप्त भई आएमा टनेल प्लाष्टिक र आवश्यक तार/जाली उपलब्ध गराईनेछ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

(१) व्यहोरा खुल्ने प्रस्ताव सहितको निवेदन ।

(२) कृषक समूह/ कृषि फर्मको हकमा दर्ता प्रमाण पत्र/नविकरण, करचुक्ता सम्वन्धी कागजात, स्थायी लेखा नम्बर(प्यान) प्रमाणपत्र र समूहको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपी ।

(३) सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(४) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको करारनामा पत्र ।

(५) कार्यक्रममा छनोट भएमा लागत साझेदारी बापत बाँस र कामदार ज्याला व्यहोर्ने स्वघोषणा/ प्रतिवद्धता पत्र ।

बिस्तृत जानकारीको लागि सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्नुहुन ।
सम्पर्कका लागि: ९८६४३००१०१, ९८६८८३६८८१, ९८६९२४३७५३, ९८४८२६०२६६

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री सूचना प्रविधि शाखा - वेभसाईटमा अपलोड गरिदिनु हुन ।
श्री वडा कार्यालय सबै, सिद्धलेक गाउँपालिका - सूचना टाँस गरि कृषकहरुलाई जानकारी गरिदिनु हुन ।



Scanned with CamScanner